लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

परासी, नवलपरासी (ब.सु.प.)

०७८-५२१०१०
email:vethosnawalparasi@gmail.com

प.सं.०८१/८२
च.नं.२०५

मितिः२०८१/०७/०१

विषयः सूचना पठाईएको वारे ।

श्री स्थानियतह सबै
नवलपरासी (ब.सु.प.) ।

प्रस्तुत विषयमा यस विज्ञ केन्द्रको चालू आ.व.२०८१/०८२ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत अनुदानका कार्यक्रमहरुको प्रकाशन गरिएको ३० दिने सूचना यसै पत्र साथ संलग्न राखि पठाईएको छ । उक्त सूचना तहाँको सूचना पाटीमा टाँस गरि सोको जानकारीका सांथ प्रचार प्रसारमा सहयोगका लागि हार्दिक अनुरोध छ ।

..........................
श्रवण कुमार चौधरी
प्रमुख

श्रवण कुमार चौधरी
मत्स्य विकास निर्देशक
(दशौं तह)

बोधार्थ
श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
मुकामःबुटवल, रुपन्देही ।

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
परासी, नवलपरासी (ब.सु.प.)

०७८-५२१०१०
email:vethosnawalparasi@gmail.com

प.सं.०८१/८२
च.नं.

मिति:२०८१/०७/०१

## प्रस्ताव आव्हान सम्वन्धि सूचना
सूचना नं.०१/०८१/०८२

पटक प्रकाशित मितिः २०८१/०७/०१

भेटेरिनरी अस्पताल तथ पशु सेवा विज्ञ केन्द्र, परासी, नवलपरासी (ब.सु.प) को चालु आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०८१ बमोजिमका शर्तहरु पालन गर्ने गरी तपसिलका कार्यक्रमहरु संचालन गर्ने इच्छुक कृषक/फर्म/समुह/कृषि उद्यमी/सहकारी संस्था/कम्पनी र उपभोक्ता समितिहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले दिन ३० भित्र (मिति २०८१/०७/३०) कार्यालय समयमा तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपशील वमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना सम्बन्धित सबैमा जानकारीका लागि प्रकाशन गरिएको छ । साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल:

| क्र. सं. | कार्यक्रमको नाम | एकाई | लक्ष्य | बजेट रु. लाखमा | अनुदानको सिमा र मापदण्ड | सचालन गर्न सक्ने कृयाकलाप/प्रमाणित गर्ने आधारहरु | कार्यक्रम संचालन हुने क्षेत्र | अनुदान सिमा रकम/प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| क. बा.उ.शि.न. ३१२०००२१ पशुपन्छी उत्पादन, वजारीकरण, नियमन, प्रविधि प्रसार कार्यक्रम | | | | | | | | |
| १ | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम | | | | | | | |
| १.१ | दुध उत्पादन | पटक | १ | ७० | • गत आ.व. को अडिट रिपोर्ट पेश गर्नुपर्ने ।<br>•बिमा गरेका पशुपालक कृषकलाई प्राथमिकता दिइने ।<br>• प्रति समूह/सहकारी/कम्पनीले मासिक औषत कम्तीमा ७००० लिटर तथा निजी फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीको हकमा मासिक औषत कम्तीमा २५०० लि. उत्पादन तथा विक्री गरेको हुनु पर्ने । | • अवेदकको नागरिकताको प्रतिलिपी<br>• सहकारी वा कम्पनीले संस्थागत अभिलेख ।<br>• जिल्ला स्थित विषयगत कार्यालय वा सम्बन्धित स्थानिय तहको निरिक्षण सहितको प्राविधिक प्रतिवेदन ।<br>• सहकारी वा संस्थागत रुपमा कृषकको रकम खातामा भुक्तानी गरेको अभिलेख ।<br>• स्थायी लेखा नं. करचुक्ता कागजात<br>• दुधको कारोबार खुल्ने बार्षिक लेखा परीक्षण प्रतिवेदन ।<br>• आवेदकको बैक खाता नं. । | जिल्ला भरी | •प्रति लिटर अधिकतम रु.२/-<br>•समुह/सहकारी/निजी डेरी/फर्म/कम्पनीलाई भुक्तानी गरेको प्रोत्साहन रकम सम्बन्धित कृषकको खातामा जम्मा गरि सक्कल भौचर कार्यालयमा पेश गर्नु पर्नेछ । |

सुरेश प्रसाद मिश्र
अधिकृत/ला.पा.चै.डे.
अधिकृत स्तर छैठौं

श्रवण कुमार चौधरी
मत्स्य विकास निर्देशक
(दशौं तह)

| क.सं. | कार्यक्रमको नाम | एकाई | लक्ष्य | बजेट रु. लाखमा | अनुदानको सिमा र मापदण्ड | सचांलन गर्न सक्ने कृयाकलाप/प्रमाणित गर्ने आधारहरु | कार्यक्रम संचालन हुने क्षेत्र | अनुदान सिमा रकम/प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १.२ | माछा/मासु /अण्डा (बाखा/भेंडा/बगुंर/रागां/माछा ) उत्पादन | | | | • गत आ.व. को उत्पादन गरेको बाखा, भेडा, बंगुर, अण्डा, तथा माछाको मासु कारोबारको अभिलेख पेश गर्नु पर्ने<br>• बीमा गरेका पशुपालक कृषकलाई प्राथमिकता दिइने।<br>• खसी/बोका/भेंडाको हकमा सहकारीबाट १०० वा बंगुरको हकमा प्रति सहकारी प्रति वर्ष ४० वा रौंगाको हकमा प्रति सहकारी प्रति वर्ष कम्तीमा २० गोटाको करोबार गरेको हुनुपर्ने<br>• निजीको हकमा खसी वोका ५० वा रौंगा २० वा बंगुर २५ गोटा प्रति वर्ष बिक्रिको गरेको हुनुपर्ने ।<br>• माछा उत्पादनमा: निजीको हकमा २ मे.टन र सहकारीको हकमा १० मे.ट वार्षिक बिक्री गरेको हुनुपर्ने।<br>• अण्डा उत्पादन: मासिक न्यूनतम १० हजार गोटा उत्पादन हुनुपर्ने। | • आवेदकको खरिद बिक्री अभिलेख।<br>• थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण।<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख।<br>• संस्थागतको हकमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख।<br>• स्थायी लेखा नं.<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण ।<br>• कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन ।<br>• आवेदकको बैंक खाता नं. । | | • जिउँदो खसी/बोका/भेडाको हकमा रु.२५ प्रति कि.ग्रा<br>• जिउँदो रांगा, बंगुर र माछाको हकमा रु.१५ प्रति कि.ग्रा<br>• अण्डाको हकमा रु २५० प्रति हजार गोटाका दरले पाउने । |
| २ | बाखा प्रवर्द्धन कार्यक्रम | पटक | १ | १० | •फर्म/कम्पनी/समुह/सहकारी/संस्था मार्फत कार्यक्रम संचालन गर्न सक्ने ।<br>•कम्तीमा ५ माउ बाखा कम्तीमा पालन गरेको हुनु पर्ने ।<br>•समुह/सहकारीको हकमा कम्तीमा ५० माउ बाखा पालन गरेको हुनुपर्ने ।<br>•पशुहरुको बिमा गर्ने अभ्यास भएका फर्म/कम्पनी/कृषक समुह/सहकारी संस्थालाई प्राथमिकता दिनु पर्ने । | •खोर निर्माण, सुधार, Dipping Tank खरिद/निर्माण तथा जडान<br>•मेसिनरी औजार<br>•उन्नत घाँस खेती<br>•नश्ल सुधार<br>•औषधि/उपचार तथा खोप<br>•जैविक सुरक्षा | बर्दघाट न.पा. भित्र | •पुर्वाधार, नश्लसुधारमा ७५% र अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा ५०% अनुदान<br>•फर्म/कम्पनी प्रति आयोजना अधिकतम रु.१ लाख र समुह/सहकारी अधिकतम रु. ५ लाख सम्म अनुदान दिन सकिने । |
| ३ | दुध संकलन केन्द्र स्थापना/सुधार | पटक | १ | २५ | •साझेदारी दुग्ध सहकारी/समुह/समिति/निजी उद्यमी सहभागी हुन सक्ने ।<br>•कम्तीमा १००० लिटर दुधको करोबार गरि रहेको हुनुपर्ने ।<br>•यस भन्दा अघि यस्ता दुध | • दुग्ध संकलन केन्द्र स्थापनाको लागि संरचना निर्माण<br>• चिलिङ भ्याट, Stainless Steel मिल्क क्यान, मिल्क एनालाईजर, डिप फ्रिज, प्रशोधन उपकरण जेनेरेटर आदि । | सुनवल न.पा. भित्र | • निजीको हकमा कुल लागतको अधिकतम ५०% र समुदायिकको हकमा |

सुरेश प्रसाद [illegible]
अधिकृत/ला.पो.डे.ओ.

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | संकलन केन्द्रसँग सम्बन्धित क्रियाकलापमा अनुदान नपाएकालाई प्राथमिकता दिइने । | | | अधिकतम ७५% |
| क्र.सं. | कार्यक्रमको नाम | एकाई | लक्ष्य | बजेट रु. लाखमा | अनुदानको सिमा र मापदण्ड | सचांलन गर्न सक्ने कृयाकलाप/प्रमाणित गर्ने आधारहरु | कार्यक्रम संचालन हुने क्षेत्र | अनुदान सिमा रकम/प्रतिशत |
| ख. बा.उ.शि.न. ३१२०००१४ मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम | | | | | | | | |
| १ | नयाँ पोखरी निर्माण | हेक्टर | ३ | १५ | •कम्तीमा ३ कठ्ठा जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरीको निर्माण गर्नु पर्ने,<br>•जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा भाडामा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौता हुनुपर्ने<br>•पोखरीको गहिराइ कम्तीमा १.२ मिटर हुनुपर्ने । | • अधिकतम ५०% प्रतिशत वा प्रति हेक्टर रु. ५ लाख मध्ये जुन कम हुन आउँछ । | जिल्ला भरी | •अधिकतम ५०% वा प्रति हेक्टर जलाशय रु. ५ लाख दिन सकिने । |
| २ | पुरानो पोखरी मर्मत संभार | हेक्टर | ८ | १६ | • कम्तीमा ५ कठ्ठा जलाशय क्षेत्रफल भएका पोखरीहरुको मर्मत संभार गर्न सकिने<br>• पानीको आपुर्ति सहज भएको र माछा पालन गरिरहेको उपयुक्त पोखरी हुनु पर्ने ।<br>• मर्मत संभार गरिएको पोखरीको गहिराई कम्तीमा १.५ मिटर हुनु पर्ने<br>• बहुपत्रे प्लाष्टिक सीटको लाईनिङ्ग सहितको पोखरी मर्मत संभार गर्न चाहेमा पोखरीको सलामी, डिल र गहिराई प्राविधिक रुपमा उचित कायम गर्नु पर्ने | • पोखरी मर्मत संभार<br>• बहुपत्रे प्लाष्टिक शीटको लाइनिङ्ग खरिद तथा व्यवस्थापन<br>•नापजाँच र अनुगमन र प्रतिवेदन । | जिल्ला भरी | •प्रति हेक्टर जलाशयमा पोखरी मर्मत संभारका लागि लागत खर्चको ५०% वा अधिकतम रु.२ लाख मध्ये जुन काम हुन आउछ । |
| ३ | माछा पोखरीको लागि बोरिङ जडानमा सहयोग | संख्या | १० | १० | • कृषक/कृषक समुह/फर्म/कम्पनी/ सहकारी सहभागी हुन सक्ने<br>• कम्तिमा १५ कठ्ठा जलाशय क्षेत्रफल भएको हुनु पर्ने<br>• जग्गाको स्वमित्वमा आफ्नै वा जग्गा भाडामा लिएको भए ५ वर्षको करार सम्झौता हुनु पर्ने। | • बोरिङ जडान तथा आवश्यकता अनुसार एसेसारिजको रुपमा मोटर, पम्पसेट, सोलार, सक्शन/डेलिभरी पाइप खरिद जडान | जिल्ला भरी | • पूर्वाधार निर्माणमा ७५% र सामग्री खरिद तथा जडान खर्च तथा अन्य उपकरणमा ५०% वा बढिमा रु. १ लाख सम्म अनुदान दिन सकिने । |

तपसिलः संलग्न गर्नु पर्ने कागजातहरु

१.प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमको लागि अनुसूची-३४ तथा अन्य कार्यक्रमको हकमा अनुसूची-३३ वमोजिम निवेदन ।

२.अनुसूची-३६ वमोजिमको व्यावसायिक कार्य योजना ।

सुरेश प्रसाद मिश्र
अधिकृत/ना.पो.डे.डे.
अधिकृत स्तर छैठौं

मत्स्य विकास निर्देशक
(दशौं तह)

३.प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमको हकमा गत आ.व. को अडिट रिपोर्ट ।
४.दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि समुह/निजी फर्म/कम्पनी/सहकारीको हकमा ।
५.प्रस्तावकको नेपाली नागरिकताको प्रतिलिपि ।
६.स्थायी लेखा नम्बर तथा गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
७.अनुदान माँग गर्ने गरिएको संस्थाको निर्णयको प्रतिलिपी ।
८.स्थानीय तहको सम्वन्धित पशु शाखाको सिफारिस पत्र ।
९.जग्गाको कर तिरो तिरेको रसीदको प्रतिलिपी ।
१०.अनुसुची-३९ वमोजिम दोहोरो अनुदान नलिएको स्वःघोषण पत्र ।
११. निर्माण गरि पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
१२.जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी वा जग्गा भाडामा लिएको हो भने १० वर्षको कृषक र जग्गा धनी बीच करार समझौता ।

पुनश्चः स्विकृत कार्यक्रमहरु "कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८१" वमोजिम हुनेछ । उक्त कार्यविधि यस कार्यालयको वेवसाईटमा http://nawalparasi.vethos.gov.np बाट समेत डाउन लोड गर्न सकिनेछ । थप जानकारीका लागि फोन नं. ०७८-५२१०१० मोवाईल नं. ९८५७०४७१५७ वा स्थानीय निकायको पशु सेवा शाखामा सम्पर्क राख्न सकिनेछ ।

सुरेश प्रसाद मिश्र
अधिकृत/ला.पो.डे.डे.
अधिकृत स्तर छैठौं

श्रवण कुमार चौधरी
मत्स्य विकास निर्देशक
(दशौं तह)